# बागमती प्रदेश सरकार

## हेटौंडा, नेपाल

मितिः २०८३/०४/१९
बैठक सङ्ख्याः१ (२०८३/२०८४)

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, मकवानपुर, नेपाल

<u>सचिव बैठकका निर्णयहरू</u>

१) २०८२ भाद्र २३ र २४ को जेनजी आन्दोलनको क्रममा नष्ट भएका कार्यालय समान, सवारी साधन, उपकरणको लिलाम तथा मिन्हा सम्बन्धमा गठित उप समितिसँग सम्पर्क/समन्वय गरी उक्त उप समितिको सिफारिस समेत समावेश गरी श्रावण २९ गतेभित्र प्रमुख सचिवको संयोजकत्वमा रहेको समितिमा पेश गर्ने।

२) प्रदेश सरकार (म.प.) को मिति २०८३/०१/२२ को निर्णय बमोजिम कायम भएका आठ वटा मन्त्रालय (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत) र मातहतमा रहने कार्यालयहरूको सङ्गठन संरचना तथा दरबन्दी विवरण तयार गरी २०८३ श्रावण मसान्त अगावै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

३) नयाँ स्थापना भएका निकायमा सिर्जना हुने दरबन्दी वा कुनै निकायमा कुनै कारणले रिक्त भएको दरबन्दीमा करारमा कर्मचारी लिनुपर्ने भएमा नयाँ व्यक्तिसँग सेवा करार सम्झौता नगरी प्रदेश अन्तर्गत विगतदेखि सेवा करारमा कार्यरत कर्मचारीहरूबाटै व्यवस्थापन गर्ने व्यवस्था मिलाउने, अत्यावश्यक भई नयाँ व्यक्तिसँग करार सम्झौता गर्नुपर्ने भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्व सहमति लिएर मात्र गर्ने।

४) प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं बजेटमा उल्लिखित आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित बुदाहरू अध्ययन गरी तथा कार्ययोजना तयार गरी, आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजना (वार्षिक कार्यतालिका) समेत तयार गरी कार्यान्वयन गर्ने र कार्यान्वयन प्रगति विवरण १५/१५ दिनमा समिक्षा गर्ने एवं सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५) खारेज भएका एवं गाभिएका कार्यालयहरूको बेरुजु फछ्र्यौट एवं बेरुजु लगत हस्तान्तरण सम्बन्धी कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।

६) प्रदेश सरकार अन्तर्गतका बढी जनसम्पर्क हुने कार्यालयहरूमा सेवा प्रवाहलाई सहज, सरल, पारदर्शी एवं सेवाग्राहीमैत्री बनाउन विचौलियामुक्त क्षेत्र घोषणा गर्ने, एकद्वार सेवा प्रवाहको व्यवस्था सुनिश्चित गरी निवेदन वा उजुरी लेख्न नजान्ने सेवाग्राहीलाई सहायता प्रदान गर्न छुट्टै हेल्प डेस्क स्थापना गर्ने लगायतका सेवाग्राहीमैत्री सुशासन प्रवर्द्धन सम्बन्धी कार्यहरू कार्यान्वयन गरी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

७) सबै कर्मचारीलाई अनुशासित, नैतिक र सदाचारयुक्त बनाउन विद्यमान कानून बमोजिमको आचरण पालनमा जोड दिँदै हालै नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय सदाचार नीति, २०८३ बमोजिम प्रभावकारी कार्यान्वयन गर्ने/गराउने।

कमल प्रसाद भट्टराई
का.मु. प्रमुख सचिव

८) सबै मन्त्रालय तथा सेवा प्रदायक निकायमा QR Code, Website तथा Mobile Application मा आधारित एकीकृत नागरिक गुनासो तथा सुझाव व्यवस्थापन प्रणाली सञ्चालन, गुनासोको अभिलेखीकरणका साथै सोको शतप्रतिशत सम्बोधन गरी प्रत्येक गुनासोको निश्चित समयभित्र समाधान गर्ने व्यवस्था मिलाउने, साथै हेलो सि.एम. (Hello CM) मार्फत प्राप्त हुन आएका गुनासोहरू तत्काल सम्बोधन गर्न कार्यान्वयनका प्रत्येक चरणमा ट्र्याकिङ्ग गरी गुनासो सुनुवाई तथा सुझाव ग्रहणको प्रगति सुनिश्चित गर्ने।

९) सबै मन्त्रालय, विभाग तथा कार्यालय प्रमुखसँग वार्षिक कार्यसम्पादन सम्झौता (Performance Agreement) गर्ने तथा सेवाप्रवाह, विकास आयोजना कार्यान्वयन, बजेट खर्च, गुनासो व्यवस्थापन र नागरिक सन्तुष्टिलाई प्रमुख कार्यसम्पादन सूचक (Key Performance Indicators-KPI) का रूपमा समावेश गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

१०) मनसुनजन्य विपद् वा महामारी जस्ता संकटको प्रभावकारी व्यवस्थापन गर्न सबै सरकारी निकाय तथा सुरक्षा संयन्त्रसँग समन्वय गर्ने, पूर्व तयारीका कार्यहरू गर्ने तथा विपद्/संकटको समयमा जनशक्ति, बजेट, राहत सामग्री र प्राविधिक सहयोगको परिचालनमा समन्वय गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने।

११) प्रदेश अन्तर्गतका कायालयहरूमा ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन कर्मचारीको सरुवा, बढुवा, अवकाश वा जिम्मेवारी हेरफेर हुँदा निजले सम्पादन गरिरहेको कामको निरन्तरताको लागि संस्थागत स्मृत्ति हस्तान्तरण (Institution Memory Handover) लाई अनिवार्य गराई शासकीय सुधारका विषय र मन्त्रालयका चालु काम/कारवाहीलाई पूर्ववत रूपमा सञ्चालन हुने व्यवस्था मिलाउने।

१२) चालु आर्थिक वर्षमा विनियोजित बजेट तथा कार्यक्रम तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न बजेट कार्यान्वयन कार्यतालिका बनाई आर्थिक वर्षको सुरुदेखि नै सार्वजनिक खरिद प्रक्रिया अगाडि बढाउने।

१३) चालु आर्थिक वर्षमा प्रदेशमा तर्जुमा तथा संशोधन गर्नुपर्ने कानूनको पहिचान गरी मस्यौदा निर्माण गर्ने कार्य सम्बन्धित मन्त्रालयले शीघ्र प्रारम्भ गर्ने। असान्दर्भिक र कार्यसम्पादनमा बाधा पुऱ्याउने खालका कानूनहरूको खारेजी, परिमार्जन तथा संशोधन प्रक्रिया अगाडि बढाउने।

१४) बागमती प्रदेशका मन्त्रालयको कार्यजिम्मेवारी, वार्षिक नीति तथा कार्यक्रम, बजेटको प्रभावकारी कार्यान्वयन गरी मापनयोग्य सूचकहरू समेटिएको माननीय मुख्यमन्त्री तथा माननीय मन्त्रीहरूबीच हुने कार्यसम्पादन सम्झौताको मस्यौदा सबै मन्त्रालयले शीघ्र तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

१५) प्रदेश सरकारका सबै निकायले आर्थिक अनुशासन र खर्चमा मितव्ययिता काम गर्ने उपायहरू अवलम्बन गर्ने। जिम्मेवार पदाधिकारीले बेरुजु आउनै नदिने गरी कार्य गर्ने तथा बेरुजु फछ्र्यौटको कार्यलाई उच्च प्राथमिकता दिने।

१६) यस अघिका पूर्व सचिव बैठकबाट भएका निर्णयहरू अध्ययन गरी कार्यान्वयन गर्न कुनै विषय बाँकी भए कार्यान्वयन गर्ने/गराउने।

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

कमल प्रसाद भट्टराई
का.मु. प्रमुख सचिव